२८८

राष्ट्रिय सूचना आयोग

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. ४१९/२०७१/०७२

बाँके जिल्ला कम्दी गा.वि.स. वार्ड नं. १ बस्ने राकेश कुमार मिश्र ...................................१ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, नेपालगञ्ज उपमहानगरपालिकाको कार्यालय, बाँके ......... .......................१ विपक्षी

सूचना अधिकारी, नेपालगञ्ज उपमहानगरपालिकाको कार्यालय, बाँके ................................१

विषय :- माग अनुसारको सूचना उपलब्ध गराउनु ।

बाँके जिल्ला कम्दी गा.वि.स. वार्ड नं. १ बस्ने राकेश कुमार मिश्रले नेपालगञ्ज उपमहानगरपालिकाको कार्यालय, बाँके समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०२।०६ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी नेपालगञ्ज उपमहानगरपालिकाको कार्यालय, बाँकेका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

तपसिल

१. यस उपमहानगरपालिका वार्ड नं. १ धम्वोजिस्थित चन्दनाथ टोलमा निर्माणाधिन स्वास्थ्य केन्द्र निर्माणका लागि कति वजेट छुट्याएर खर्च गरिएको छ ? त्यसको लागत इस्टिमेटको प्रमाणित प्रतिलिपि र सो भवन निर्माणको लागि कहिले कस्लाई ठेक्का दिएको छ ? सो सम्झौता पत्रको प्रमाणित प्रतिलिपि सहितको सम्पूण विवरण ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल जेठ २८ गते रोज ५ शुभम् ।